मध्यपश्चिमाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय

पत्र संख्या :-
चलानी नम्बर :-
मिति :

## मौजुदा सूचि दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः- २०७७०४।०६ गते ।**

यस मध्यपश्चिमाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालय वीरेन्द्रनगर, सुर्खेतको लागि आर्थिक वर्ष २०७७/२०७८ मा तपसिलमा उल्लेख भए बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्नको लागि मौजुदा सूचि तयार गर्नु पर्ने भएकोले योग्यता पुगेका सम्बन्धित कार्यको इजाजत पत्र प्राप्त व्यक्ति, फर्म, संस्था र कम्पनीहरुले आवश्यक कागजपत्र सहित निम्न सामान र सेवाहरु मध्ये आफुले आपूर्ति गर्ने कार्यहरु **सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम १ संग सम्बन्धित अनूसुचि-२ (क) बमोजिमको ढाँचामा** प्रत्येकको छुट्टाछुट्टै विवरण भरी यो सूचना प्रकाशित मितिले १५ औं (बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) दिनको कार्यालय समय भित्र यस कार्यालयमा सूचि दर्ताको लागि आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

**(क) खरिद तथा आपूर्ति तर्फ**

१. मसलन्द तथा स्टेशनरी सामाग्रिहरु,
२. इलेक्ट्रीकल सामानहरु ,
३. पत्र पत्रिका तथा पुस्तक,
४. छपाई सम्बन्धी सामानहरु,
५.फर्निचर/फिक्चर आपूर्ति तथा डेकोरेशन,
६. भौतिक पुर्वाधार निर्माण तथा रङ्गरोगनका कार्यहरु,
७. मेशिनरी उपकरण (कम्प्यूटर, प्रिन्टर, यू.पि.एस., फोटोकपी मेशिन, नेटवर्किङ तथा अन्य इलेक्ट्रोनिक्स सामान),
८. खानेपानी
९. खाजा तथा खाना सम्बन्धि
१०. प्लम्बिङ्ग सम्बन्धि सामाग्रिहरु

**(ख) मर्मत तर्फ :**

१. प्लम्बिङ्ग सम्बन्धि
२. भवन तथा भौतिक संरचना
३. फर्निचर मर्मत
४. इलेक्ट्रानिक्स सामान ( कम्प्यूटर, फोटोकपी मेसिन, यू.पि.यस., एसी, टेलिफोन सेट, प्रिन्टर र सो को पार्टपूर्जा तथा Accessories.)
५. बिद्युत सम्बन्धि कार्य

**(ग) सेवा तर्फ :**

१. इन्टरनेट तथा सञ्चार प्रविधि सम्बन्धि
३. वेभसाइट तथा सफ्टवेयर सम्बन्धि कार्य
४. विज्ञापन/सुचना प्रकाशन तथा प्रशारण
५. कुरियर्स तथा ढुवानी सेवा
६. सुरक्षा गार्ड खरिद सम्बन्धि सेवा
७. सवारी बिमा तथा नविकरण
८. इलेक्ट्रानिक्स सामाग्रि बार्षिक मर्मत सेवा तर्फ

**निवेदकले पेश गर्नु पर्ने कागजातहरु :**

१. लिखित निवेदनमा रु. १० को टिकट टाँसी (फर्म/कम्पनी, स्थायी लेखा नं., मु.अ.कर दर्ता र आ.व. २०७५/२०७६ को कर चुक्ता) नागरिकता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी ।
२. कुनै सरकारी निकाय/संस्थामा कार्य गरेको अनुभव भए सो को नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी ।
३. माग भएको सामान तथा सेवाहरु समयमा उपलब्ध गराउने लिखित प्रतिबद्धता पत्र पेश गर्नुपर्ने छ ।

**अन्य जानकारीहरु :**

१. म्यादनाघी पेश भएको, आवश्यक प्रमाणपत्र संलग्न नभएको वा रित नपुगेकोलाई सूचिकृत गरिने छैन ।
२. सूचिकृत भएका ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट यस कार्यालयले आवश्यकता अनुसारको सामान वा सेवा खरिद गर्न सक्ने छ ।
३. सूचिकृत भएका ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक रुपमा सामान तथा सेवा आपूर्ति नगरेको खण्डमा सूचिकृतबाट हटाउन सकिने छ । यस उपर कुनै दाबी बिरोध गर्न पाइने छैन ।
४. ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरु सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
५. उल्लेखित मौजुदा सूचि आ.व.२०७७/२०७८ को लागि मात्र मान्य हुनेछ ।

..............................
प्रमुख
परीक्षा व्यवस्थापन कार्यालय